# फाकफोकथुम गाउंपालिकाको प्रथम गाउंसभामा अध्यक्ष रामकुमार श्रेष्ठज्यूद्‌धारा प्रस्तुत गरिएको आर्थिक बर्ष ०७४।७५ को

# नीति तथा कार्यक्रम

फाकफोकथुम गाउंपालिका
आमचोक, इलाम
१ नं. प्रदेश, नेपाल

# ११ पुष २०७४

सभाका अध्यक्षज्यू,

लामो समयसम्मको नेपाली जनताको २०६२/०६३ को जनआन्दोलन, दशबर्षे सशस्त्र संघर्ष, मधेश आन्दोलन लगायत लोकतन्त्र प्राप्तिका विविध आन्दोलन, दुई पटकसम्म संविधानसभाको निर्वाचन भई जनताका प्रतिनिधिले नै निर्माण गरी जारी भएको नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय गरी तीन तहको शासन व्यबस्थाको प्रावधान भए बमोजिम देशमा ७५३ वटा स्थानीय तहको गठन संगै झण्डै बीस बर्ष लामो अन्तराल पछि स्थानीय तहको निर्वाचन भई स्थानीय जनताले हामीलाई आफ्नो प्रतिनिधि चुनेर पठाउनु भएको छ । यस अबधिमा मुलुकले राजनीतिक रुपले ठुलो फड्को मारेको छ । नेपालको संविधानले देशलाई संघीय लोकतान्त्रिक गणतन्त्रको रुपमा स्थापित गरेको छ । उक्त संविधानले गरेको व्यबस्था अनुरुप २०७४ असार १४ गते सम्पन्न भएको स्थानीय तहको निर्वाचन पश्चात आज हामी फाकफोकथुम गाउंपालिकाको ऐतिहासिक प्रथम गाउं सभामा उपस्थित भएका छौं । यस अवसरमा आ.ब. ०७४।७५ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउंदा अत्यन्तै खुशी लागेको छ । यस गौरबपुर्ण अवसरमा सबै खालका राजनीतिक परिवर्तनका र लोकतन्त्रको स्थापनार्थ शहिदहरुको त्याग र बलिदानको उच्च सम्मान गर्दै सम्पुर्ण शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

स्थानीय निकायबाट स्थानीय तहमा परिणत भए पश्चात स्थानीय स्तरमा नै व्यबस्थापिका, कार्यपालिका र न्यायपालिकाको अभ्यास गर्ने संविधान प्रदत्त अधिकारलाई दीगो रुपमा संस्थागत गर्नु पर्ने दायित्वका साथै उपलब्ध सिमित श्रोत साधनबाट स्थानीय जनताका असिमित इच्छा आकांक्षा पुरा गर्दै सम्मृद्ध गाउंपालिका निर्माणको रुपरेखा तयार गर्नु पर्ने अवस्था रहेको छ ।

स्थानीय तहको गठन पश्चात संघीयताको कार्यान्वयन र लोकतन्त्र संस्थागत हुन शुरु भईसकेको मात्र नभई आफ्नो ठाउंको विकासमा जनताको प्रत्यक्ष सहभागिता

सुनिशुचित भई जनतालाई व्यबहारमा नै सार्वभौम बनाउने अवसरलाई उपयोग गर्न सबैको सहयोगको अपेक्षा गर्दछु ।

सभाध्यक्ष महोदय
यो हामी सबैको पहिलो प्रयास हो । यस नीति तथा कार्यक्रममा सबै वर्ग, तह र क्षेत्रलाई समेट्ने प्रयास गरिएको छ । आवश्यक छलफल पश्चात सभाले स्वीकृत गर्नेछ भन्ने पुर्ण विश्वासका साथ यस फाकफोकथुम गाउंपालिकाको आ.ब. ०७४।७५ को बार्षिक नीति तथा कार्यक्रम वाचन गरी सभा समक्ष पेश गर्ने अनुमति चाहन्छु ।

१. समुन्नत तथा सम्मृद्ध समाज निर्माणमा महत्वपुर्ण साधनको रुपमा रहेको भौतिक पुर्वाधार क्षेत्रको एकिकृत तथा व्यबस्थित विकासका लागि दीर्धकालिन सोचका साथ एकिकृत आवधिक गाउं विकास योजना तयार गरी कार्यान्वयन गर्ने नीति लिइनेछ ।

२. निर्मित पुर्वाधारको नियमित मर्मत संभार, संरक्षण, संचालन एवं सम्बर्द्धन गर्न निजि, सहकारी तथा उपभोक्ता समितिहरुलाई प्रोत्साहित गर्ने नीति लिइनेछ ।
३. पर्यावरण समेतलाई ध्यानमा राखी गाउंपालिका स्तरीय विकास निर्माण मापदण्ड तयार गरी कार्यान्वयन गरिनेछ ।
४. बढी भन्दा बढी जनसहभागित जुट्ने योजनाहरुलाई प्राथमिकता दिइनेछ ।
५. पेश्की शुन्य अभियानका लागि पेश्की दिने कार्यलाई निरुत्साहित गरी प्राबिधिक मुल्यांकनका आधारमा भुक्तानी दिने नीति अबलम्बन गरिनेछ ।
६. साना साना पुर्वाधारका योजनाहरुमा रकम विनियोजन गर्दा अपेक्षित प्रतिफल प्राप्त हुन नसक्ने यथार्थलाई दृष्टिगत गरी छिटो प्रतिफल

दिने भौतिक पुर्वाधारसंग सम्बन्धित योजनाहरुमा बजेट विनियोजन गर्ने नीति लिइनेछ ।

७. नयां सडकहरु निर्माण गर्ने भन्दा पनि भईरहेका सडकहरुलाई सबै समयमा सवारी साधन संचालन हुन सक्ने स्तरउन्नती गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

८. ग्रामिण सडक संजाल निर्माण तथा सिंचाई आयोजनाहरुको छनौट गर्दा कृषि पकेट क्षेत्र तथा पर्यटन प्रबर्द्धन समेतलाई आधार लिइनेछ ।

९. ग्रामिण यातायात गुरुयोजना तयार गर्ने कार्यको शुरुवात गरि आगामी आ. ब. देखि सडक शिर्षकमा बजेट विनियोजन गर्दा उक्त गुरुयोजनालाई मार्गदर्शकको रुपमा लिइनेछ । भौतिक पुर्वाधारको निर्माणमा बाल तथा अपांग मैत्री संरचनामा जोड दिइनेछ

१०. वडा कार्यालय र गाउंपालिका केन्द्र जोड्ने सडक निर्माणलाई प्रामिकता दिइनुका साथै सडकको स्तर अनुसार मापदण्ड तयार गरी कडाइका साथ कार्यान्वयन गरिनेछ ।

११. जिल्ला यातायात गुरुयोजना र ग्रामिण यातायात गुरु योजनामा समावेश भएका तर मापदण्ड अनुसार कार्य गर्न कार्य गर्न अबरोध गरिने सडकमा लगानी नगर्ने नीति अबलम्बन गरिनेछ ।

१२. स्थानीय स्तरमा रहेका पानीका मुहानहरुलाई संरक्षण र स्वच्छ राख्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

१३. संचालनमा रहेका खानेपानी योजनाहरुको दीगो संचालन, मर्मत संभार जस्ता कार्य उपभोक्ता समिति समेतको लगानी तथा सहभागितामा गर्ने नीति लिइनेछ ।

१४. सडक लगायतका भौतिक पुर्वाधारका संरचना निर्माण गर्दा गराउंदा पानीको मुहानलाई हुन सक्ने क्षतीलाई न्यूनीकरण गर्ने उपायहरु अबलम्बन गर्ने नीति लिइनेछ ।

१५. स्वच्छ खानेपानी विकासको पुर्वाधार भएकोले खानेपानी नपुगेका वस्तीहरुमा स्वच्छ खानेपानी पुर्याउने कार्यलाई प्रथमिकता दिइनेछ ।

१६. खुल्ला दिसामुक्त घोषणा पश्चातको संचालन गर्नुपर्ने पुर्ण सरसफाई कार्यक्रमलाई निरन्तरता दिइनेछ । साथै गाउंपालिका क्षेत्रमा विकसित बाक्ला बस्तीहरुमा साझेदारीमा सार्वजनिक शौचालय निर्माण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

१७. समुदाय समेतको लागत सहभागितामा बिधुत प्राधिकरणसंग समन्वय गरी हालसम्म बिधुतको राष्ट्रिय प्रशारण सेवा नपुगेका वडा तथा बस्तीहरुमा बिधुतीकरण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

१८. बैकल्पिक उर्जाका सम्भावनाहरुलाई पहिचान गरी प्रयोगमा ल्याउने नीति लिइनेछ ।

१९. वस्ती विकास, शहरी योजना तथा भवन निर्माण मापदण्ड तयार गरी लागु गरिनेछ ।

२०. गाउंपालिका क्षेत्रभित्र रहेका पर्यटकीय स्थलहरुको विवरण तयार गरी प्रचार प्रसार गरिनेछ ।

२१. ऐतिहासिक, धार्मिक तथा पुरातात्विक संरचनाहरुको संरक्षण तथा उपयोगलाई आय आर्जनसंग अन्तरसम्बन्धित गर्ने नीति अबलम्बन गरिनेछ ।

२२. स्थानीयस्तरमा रहेका सहकारी संस्थाहरुको पुंजीलाई उत्पादनमुलक क्षेत्रमा लगानी गर्न प्रोत्साहन गरिनेछ ।

२३. गाउं क्षेत्रभित्र निश्चित समयावधिमा लाग्ने हाटबजारहरुलाई व्यबस्थित गर्ने नीति लिइनेछ ।

२४. प्रचलित कानून अनुसार स्वीकृती नलिएका तथा दर्ता नगरि संचालन भईरहेका पसल तथा उधोगहरुलाई अनिवार्य रुपमा दर्ता हुनु पर्ने व्यबस्थालाई कडाईका साथ लागु गरिनेछ ।

२५. बजार अनुगमन गरी गुणस्तरहिन तथा उपभोग मिति समाप्त भएका बस्तुहरु बिक्री गर्ने कार्यलाई निरुत्साहित गरिनेछ साथै सबै किसिमका व्यबसायमा मुल्यसुची राख्नुपर्ने व्यबस्थालाई कार्यान्वयन गरिनेछ ।

२६. मोवाइल फोन सेवाको गुणस्तर सुधार गर्न तथा सेवा नपुगेका स्थानहरुमा सेवा विस्तार गर्न सम्बन्धित निकायसंग समन्वय गरिनेछ ।

२७. गाउंपालिकाका सबै वडा कार्यालयहरुमा वाइफाइ सेवा पुर्याइ वडा कार्यालय तथा गाउंपालिकाबाट प्रदान गरिने सेवालाई सुचना प्रविधिमैत्री बनाइनेछ ।

२८. निर्वाहमुखी कृषि प्रणालीलाई व्यबसायिक तथा निर्यातमुखि कृषि प्रणाली तर्फ उन्मुख गर्ने प्रयत्नलाई जारी राखिनेछ ।

२९. कृषि पकेट क्षेत्रलाई आधार लिई एकिकृत रुपमा सुविधा बिस्तार गर्न सहकारी तथा साना सिंचाई कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

३०. उन्नत पशुपालन व्यबसायलाई प्रोत्साहित गरिनेछ ।

३१. मागमा आधारित बेमौसमी तरकारी खेती जस्ता कार्यक्रम संचालन गरिनेछ ।

३२. कृषि व्यबसायलाई आधुनिकीकरण गर्न कृषि यन्त्रको प्रयोगलाई प्रोत्साहन गर्ने तथा लागत साझेदारीमा कृषि यन्त्र उपलब्ध गराउने नीति अबलम्बन गरिनेछ ।

३३. कृषकहरुको खेतबारीको माटो परिक्षण तथा माटो उपचारलाई प्राथमिकताका साथ संचालन गरिनेछ ।

३४. व्यबसायिक रुपमा उत्पादन हुन सक्ने कृषि तथा पशुजन्य उत्पादनलाई औधोगिकिकरण गर्न प्रोत्साहन गरिनेछ ।

३५. निर्वाहमुखी पशुपंक्षी पालनलाई व्यबसायको रुपमा विकास गराउने नीति लिइनेछ ।

३६. उत्पादित दुधको बस्तु विविधिकरण गरी बजार प्रबर्द्धन गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ ।

३७. पशु बधशाला स्थापना र संचालनमा निजी क्षेत्रसंगको साझेदारीमा गर्न आवश्यक पुर्वाधार निर्माणमा सहयोग पुर्याउने नीति लिइनेछ ।

३८. सहकारी वा समुह मार्फत पशु आहार, विउ, औषधि तथा कृतिम गर्भाधानको सेवा प्रवाह गर्ने नीति लिइनेछ ।

३९. गोठ तथा खोरहरुको सुधार तथा गोठमलको संरक्षण नीति अबलम्बन गरिनेछ ।

४०. गाउं क्षेत्रमा रहेका बिभिन्न समुहहरुलाई सहकारीताको माध्यमबाट गरिवी न्युनीकरण तथा सामाजिक पुंजी निर्माण गर्न जोड दिइने नीति लिइनेछ ।

४१. सबै टोल बस्तीमा रहेका बेरोजगार तथा न्युन आय भएका व्यक्तिहरुलाई उत्पादक सहकारीसंग आबद्ध गरी स्वरोजगारमुलक व्यबसाय संचालन गर्न प्रेरित गर्ने नीति लिइनेछ ।

४२. सहकारी संस्थाको संस्थागत क्षमता विकासका कार्यक्रम संचालन तथा नियमन गर्नका लागि आवश्यक कानून निर्माण गरी व्यबस्थित गर्ने नीति अबलम्बन गरिनेछ ।

४३. सुरक्षित मातृत्वको अबधारणालाई साकार पार्न तथा बाल मृत्यु दरलाई कम गर्नका लागि आवश्यक पुर्वाधार तथा जनशक्तिको व्यबस्थाको लागि आवश्यक समन्वय तथा पहल गरीनेछ ।

४४. गाउंपालिका पुर्ण खोप घोषणा सम्पन्न भई सकेको सन्दर्भमा यसका प्रावधानहरुलाई निरन्तरता दिइनेछ । साथै स्वास्थ्य सम्बन्धि चेतनामुलक कार्यक्रम संचालनलाई प्राथमिकता दिइनेछ ।

४५. अपांगता रोकथाम तथा पुनर्स्थापना, अपांगता भएका व्यक्ति महिला तथा बालबालिकाको संरक्षणमा हेरचाहका लागि उत्प्रेरणा कार्यक्रम सबै वडामा संचालनका गरिनेछ ।

४६. सबै गाउंबासीहरुलाई स्वास्थ्य बिमा कार्यक्रममा अनिवार्य रुपमा संलग्न गरिने नीति लिइने छ ।

४७. गाउंपालिका क्षेत्रभित्र रहेका सबै स्वास्थ्य चौकीहरुमा प्रसुती केन्द्र संचालनका लागि पहल गरिनेछ ।

४८. बिधालय भित्र र बाहिर किशोर किशोरीहरुलाई लक्षित यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धि कार्यक्रम संचालन गरिनेछ ।

४९. गाउंपालिका क्षेत्रका विधालय जाने उमेरका सम्पुर्ण बालबालिकालाई अनिवार्य विधालय भर्ना गराउन र बिचैमा विधालय छाड्ने प्रवृतीलाई निरुत्साहित गर्न विधालय मार्फत प्रोत्साहन गरी साक्षरता प्रतिशतमा सुधार ल्याइनेछ ।

५०. गाउंपालिका क्षेत्र भित्रका सामुदायिक विधालयहरुको भौतिक पुर्वाधार निर्माण तथा स्तरउन्नतीको लागि श्रोत व्यबस्थापन गर्ने नीति लिइनेछ ।

५१. सामुदायिक विधालयहरुको शैक्षिक गुणस्तर सुधारका लागि एसईई र एसएलसी स्तरमा अतिरिक्त कक्षा संचालन गर्ने नीति लिइनेछ ।

५२. सामुदायिक विधालयहरुको भौतिक पुर्वाधार सुधारलाई निरन्तरता दिइनेछ ।

५३. सामुदायिक बिधालयहरुको समयोजन, शिक्षक दरबन्दी मिलान र शिक्षक छनौट तथा पदपुर्ती गरी गुणस्तरीय शिक्षा प्रदान गर्ने नीति लिइनेछ ।

५४. प्रत्येक शिक्षकले बालबालिकाको पढाई र सिकाईसंग सम्बन्धित भएर कक्षाको लागि छुट्टाइएको समय अवधिभर कक्षा कोठामा बिताउनु पर्ने अबस्थाको सृजना गर्ने नीति लिइनेछ ।

५५. बिधार्थीले बिधालय पढाई बिचैमा छाड्ने कार्यलाई अध्ययन गरी निरुत्साहित गर्ने नीति अबलम्बन गरिनेछ ।

५६. विधालय क्षेत्र सुधारका लागि संचालन गरिने कार्यक्रमहरुमा निजी क्षेत्रका विधालयहरुलाई पनि संलग्न गराइने नीति लिइनेछ ।

५७. गाउंपालिका क्षेत्रभित्र रहेका पर्यटकीय स्थलहरुको संरक्षण र प्रबर्द्धन गरिनुका साथै त्यस्ता सम्भाब्य स्थलहरुको पहिचान गरी अभिलेख व्यबस्थित गरिनेछ ।

५८. सामाजिक परिचालनको माध्यमबाट लक्षित समुहहरुलाई शसक्तिकरण गर्ने मागमा आधारित सीपमुलक, आयआर्जन, सचेतना तथा अधिकारसम्बन्धि, जनस्वास्थ्य सुधार, बालमैत्री स्थानीय शासनलाई टेवा पुग्ने तथा रोजगारी सृजना गर्ने प्रकृतिका कार्यक्रमहरुलाई प्राथमिकता दिई सामाजिक समावेसीतालाई फराकिलो बनाइनेछ ।

५९. महिलाहरुका लागि संचालन हुने कार्यक्रमहरु उनीहरुको आर्थिक सामाजिक विकासमा प्रत्यक्ष रुपमा सकारात्मक प्रभाव पार्ने प्रकृतीका हुनेछन् ।

६०. पुंजी निर्माण, सेवा प्रवाहमा गुणस्तरीय सुधार तथा क्षमता विकास भएको मापन गर्न सकिने ठोस कार्यक्रम तथा आयोजनाहरु संचालनमा लक्षित समुहहरुका लागि विनियोजित हुने रकमलाई प्राथमिकता दिइनेछ ।

६१. लक्षित समुह लाभान्वित हुने गरी संचालन गरिने कार्यक्रमहरु सबै जातजातीका विपन्न वर्गका आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका वा पारिएका र सामाजिक बन्चितिकरणमा परेका समुदाय वा वर्गलाई प्रत्यक्ष रुपमा फाइदा पुग्ने प्रकृतीका हुने नीति लिईनेछ ।

६२. लक्षित समुहबाट संचालन गरिने कार्यक्रमबाट प्राप्त हुने प्रतिफलको वितरणलाई न्यायोचित बनाइने नीति लिईनेछ ।

६३. वडा समितिहरुसंग समन्वय गरी टोल विकास संस्था निर्माण तथा परिचालन अभियानको रुपमा संचालन गरनेछ ।

६४. सामाजिक परिचालनको माध्यमबाट सामाजिक, आर्थिक रुपले पछि परेका समुदायहरुको सशक्तिकरण गरी विकासको मुल प्रवाहमा समाहित गर्ने नीति अबलम्बन गरिनेछ ।

६५. समाजमा हुने फौजदारी प्रकृती बाहेकका साना तिना विवाद स्थानीय स्तरमा नै मध्यस्तताको माध्यमबाट मेलमिलाप गर्न गराउन वडास्तरीय संयन्त्र परिचालन गरिनेछ ।

६६. गैरसरकारी संस्थाहरुले गाउंपालिकाको नीति तथा कार्यक्रममा सहयोग पुर्याउने खालका कार्यक्रम मात्र संचालन गर्न स्वीकृती दिने नीति अबलम्बन गरिनेछ ।

६७. प्राकृतिक वा मानवीय कुनै पनि कारणबाट हुन सक्ने सम्भाब्य विपदबाट बच्न बचाउन सचेतना कार्यक्रम संचालन टोलबस्ती स्तरमा नै गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

६८. सम्भाब्य विपदबाट हुने क्षति कम गर्न आवश्यक पर्ने न्यूनतम यन्त्र, साधन तथा औजारको उचित व्यबस्थापन गर्ने नीति अबलम्बन गरिनेछ ।

६९. गाउं कार्यपालिकाको कार्यालय र वडा कार्यालयलाई सेवा प्रवाह गर्न आवश्यक न्यूनतम स्रोत र साधनको व्यबस्था गर्ने नीति अबलम्बन गरिनेछ ।

७०. सबै वडा कार्यालयलाई गाउं कार्यपालिकाको कार्य संजालसंग एकिकृत गरिने नीति अबलम्बन गरिनेछ ।

७१. नागरीक वडापत्रलाई समय सापेक्ष अध्यावधिक गरी प्रयोगमा ल्याइनेछ ।

७२. गाउंकार्यपालिकाका महत्वपुर्ण निर्णयहरु वेबसाइटबाट सार्वजनिक गरिनेछ ।

७३. सुशासन अभिबृद्धिका लागि सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, नागरीक वडा पत्र, सुचना पाटी, गुनासो व्यबस्थापन, लैंगिक उत्तरदायी बजेट जस्ता जवाफदेहिताका औजारहरुलाई अबलम्बन गरिनेछ ।

७४. गाउंपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकासका लागि अध्ययन, अवलोकन भ्रमण, तालिम प्रशिक्षण संचालन गर्ने नीति अबलम्बन गरिनेछ ।

७५. गाउंपालिका क्षेत्रमा रहेका सार्वजनिक सम्पति, ऐलानी पर्ती, सरकारी तथा सार्वजनिक जग्गाहरुको विवरण संकलन गरी संरक्षण गर्ने र सार्वजनिक हितमा प्रयोग गर्ने नीति अबलम्बन गरिनेछ ।

७६. संविधानले अधिकार दिएको क्षेत्रबाट वितीय श्रोत संकलनका लागि त्यसको विस्तृत अध्ययन गर्ने नीति अबलम्बन गरिनेछ ।

७७. संविधानका एकल र साझा अधिकारको सुचीमा उल्लेखित वितीय श्रोत संकलनका क्षेत्रहरुको दायरा फराकिलो गरी बढी भन्दा बढी करदाताहरुलाई समेटी कानून बमोजिम कर, राजश्व, सेवाशुल्क, दस्तुर र दण्ड जरिवाना संकलन गरिने नीति अबलम्बन गरिनेछ ।

७८. गाउंपालिकाले उपलब्ध गराउने सबै सेवालाई शुल्कसंग आबद्ध गरिनेछ ।

अन्यमा, हामी राज्य पुनर्संरचना अन्तरगत नयां व्यबस्थाको अभ्यासको क्रममा छौं । यो संक्रमणकालिन समयमा हामी जति मेहनत र परिश्रमका साथ अगाडि बढ्छौं त्यति नै छिटो संक्रमणकाललाई अन्त्य गरी फाकफोकथुम गाउंपालिकालाई विकास र समृद्धिको पथमा अगाडि बढाउन सफल हुन्छौं भन्ने विश्वास लिएको छु । आफ्नो बजेट, नीति तथा योजना आफैं तर्जुमा गरी विकासको गति र दिशा तय गर्ने यो ऐतिहासिक अवसर र चुनौती पनि हो । यो नीति तथा कार्यक्रम तयार गर्ने कार्यमा आफ्नो बुद्धि विवेक र परिश्रमले सहयोग गर्नु हुने सबै प्रति आभार प्रकट गर्दछु ।

धन्यबाद !